# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः १० मई २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- भारत अनि पाकिस्तानले तत्काल प्रभावद्वारा गोलीबारी अनि सैन्य कार्यवाही रोक्नमा सहमती व्यक्त गरेको छ।

- भारत अनि पाकिस्तान बीच तनाव को मद्देनज़र पश्चिम बंगाल को तटीय क्षेत्रहरु, विशेषगरी दक्षिण 24 परगना ज़िल्लामा कड़ा सुरक्षा व्यवस्था गरिएको छ।

- दार्जीलिङ्गको सांसद राजु विष्टले पद्मश्री काजी सिंहज्यूले हाम्रो लोक-सङ्गीतको क्षेत्र कति समृद्ध र मौलिक छ भन्ने तथ्यलाई सबैमाझ सशक्त ढङ्गमा पुऱ्याउन सक्नुभएको बताउनुभएकोछ।

- सामाजिक कार्यकर्ता सुधन गुरूङमाथि गत बिहीवार भएको आक्रमणको विरोध र दोषीलाई शीघ्र पक्राउ गर्नुपर्ने मागसहित दार्जीलिङमा आज एक वृहत शान्ति जुलुस निकालियो।

- अलीपुर मौसम कार्यालयले राज्यमा आगामी मंगलवारसम्म लू जस्तो स्थिति बनी रहने संभावना व्यक्त गरेको छ।

**संशो भारत पाक संघर्ष विराम**

भारत र पाकिस्तान तत्काल प्रभावबाट गोलीबारी र सैन्य कारबाही रोक्न बारे सहमत भएका छन्। विदेश सचिव विक्रम मिस्रीले नयाँ दिल्लीमा यस बारे घोषणा गर्नुभयो।उहाँले भन्नुभयो पाकिस्तानका सैन्य अपरेशनका महानिदेशकले आज दिउँसो युद्धविरामको आह्वान गरेपछि चर्चा भयो र यो सहमति भएको हो। उहाँले भन्नुभयो वार्ताका क्रममा दुवै पक्ष जमिन, हावा र समुद्रमा सबै प्रकारका गोलीबारी र सैन्य कारबाही बन्द गर्ने सहमत भएका छन। यो सम्झौतालाई लागू गर्न दुवै पक्षलाई निर्देश दिइएको छ। श्री मिश्रीले ,सैन्य अपरेशनका महानिदेशकले 12 मईको दिन पुन वार्ता गर्ने जानकारी दिनुभयो।

**बंगाल सुरक्षा व्यवस्था**

भारत अनि पाकिस्तान बीच बढ़्दो तनाव को मद्देनज़र पश्चिम बंगाल को तटीय क्षेत्रहरु, विशेषगरी दक्षिण 24 परगना ज़िल्लामा कड़ा सुरक्षा व्यवस्था गरिएको छ। खाड़ी क्षेत्र मा संभावित घुसपैठ अनि समुद्री खतराको आशंका बीच सुरक्षा एजेंसीहरुलाई हाई अलर्टमा राखिएको छ। एक वरिष्ठ अधिकारीले आज बताए अनुसार, "गत बिहीवार बेलुकीदेखि नै बंगालको खाड़ी नजिकको संवेदनशील क्षेत्रहरुमा निगरानी अभियान तिव्र पारिएको छ। अंतरराष्ट्रीय समुद्री मार्गहरु नजिक स्थित यी क्षेत्रहरुमा संभावित सुरक्षा खतराको मद्देनज़र गश्ती बढ़ाइएको छ।" हिज शुक्रवार देखि दक्षिण 24 परगना ज़िलाको गंगासागर, नामखाना, पाथरप्रतिमा, कैनिंग, गोसाबा अनि बासंती जस्ता तटीय खण्डहरुमा पुलिसको उपस्थिति अझ सशक्त पारिएको छ। बंगालको तटीय ज़िल्लाहरुमा यस चौकसीको पृष्ठभूमि मा गुप्त एजेंसीहरुको यस्तो सूचनाहरु अघि आएको छ जसमा वर्तमान भारत-पाक टकराव को लाभ उठाएर देशविरोधी तत्वहरुद्वारा घुसपैठको आशंका व्यक्त गरिएको छ। यस चुनौतीसित जुझ्नको लागि केंद्रीय अनि राज्य स्तर का एजेंसीहरुले मिलेर काम गरिरहेको छ।

**विष्ट-काजी सिंह**

दार्जीलिङ्गको सांसद राजू विष्टले आज कालेबुङमा लोक-वाद्य ‘श्रीमादल’का पुरोधा पद्मश्री काजी सिंहलाई श्रद्धाञ्जली अर्पण गर्न ‘हाम्रो लोक संस्कृति विकास केन्द्र, कालेबुङद्वारा रामकृष्ण रङ्गमञ्च (टाउन हल) मा आयोजित एक सभ्य कार्यक्रममा

भाग लिनुभयो। यस उपलक्ष्यमा श्री विष्टले हाम्रो मातृभूमिको रक्षा गर्ने हाम्रा बहादुर सिपाहीहरूलाई पनि सम्झनुभएको तथा उनीहरूको विजयको लागि प्रार्थना गरेको एउटा प्रेस विज्ञप्ती जारी गरी बताउनुभएको छ। श्री विष्टले मादल हाम्रो मौलिक लोक-साङ्गीतिक एवं संस्कृतिको एक मूल स्तम्भ रहेको बताउनुभएको छ। कुनैपनि सामाजिक-सांस्कृतिक आयोजन तथा विभिन्न चाड़पर्वमा, हाम्रो परम्परा र रीतिरिवाजमा मादलको उपस्थिति अपरिहार्य रहेको तथा मादलको थाप र लयसँगै हाम्रो मुटुको धड़्कन जोड़िएको श्री विष्टले बताउनुभएको छ। यस पृष्ठभूमिमा, हाम्रो यस लोक-वाद्य मादलको शास्त्रीय पक्षलाई उजागर गरेर आधुनिक पिँढ़ीमा हस्तान्तरण गर्ने महत्त्वपूर्ण कार्य पद्मश्री काजी सिंहज्यूले गर्नुभएको श्री विष्टले बताउनुभयो। पद्मश्री काजी सिंहज्यूले हाम्रो लोक-सङ्गीतको क्षेत्र कति समृद्ध र मौलिक छ भन्ने तथ्यलाई सबैमाझ सशक्त ढङ्गमा पुऱ्याउन सक्नुभएको पनि सांसद विष्टले बताउनुभएकोछ। भारत सरकारद्वारा सर्वोच्च राष्ट्रीय पुरस्कारहरू मध्ये एक पद्मश्री सम्मानद्वारा उहाँलाई सम्मानित गरिनु हाम्रो जातिको समृद्ध लोक-विरासतलाई मान्यता दिइनु र सम्मान गरिइनु हो भनी पनि श्री विष्टले बताउनुभएको छ।

**कालेबुङ्ग**

दार्जीलिङ्गको सांसद राजूविष्टले आज कालेबुङमा, सहिद पार्क पुराण कमिटि तोपखानाद्वारा आयोजित पंचदिवसीय महाज्ञान यज्ञमा यज्ञमा भाग लिनभयो। यस प्रकारको आयोजनले वर्तमान समाजमा फैलिएको विषाक्त वातावरण र दुर्व्यसनहरूबाट मानिसहरूलाई उद्धार गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने श्री विष्टले बताउनुभयो। हाम्रो राष्ट्र सामु आइलागेको सङ्कटलाई छिचोलेर विजयी हुने आशीष हाम्रा वीर सैनिकहरू अनि हाम्रा नागरिकहरूलाई प्राप्त होस् भनी आफुले प्रार्थना गरेको पनि श्री विष्टले बताउनुभएको छ।

**सुधन-जुलुस**

सामाजिक कार्यकर्ता सुधन गुरूङमाथि बिहीवार भएको आक्रमणको विरोध र दोषीलाई शीघ्र पक्राउ गर्नुपर्ने मागसहित दार्जीलिङमा शनिबार एक वृहत शान्ति जुलुस निकालिएको छ। नागरिक सुरक्षाको प्रश्न उठाउँदै आयोजित उक्त जुलुसमा विभिन्न गैरराजनैतिक संघसंस्थाका प्रतिनिधिहरुले सहभागिता जनाएका थिए। शिक्षक नियुक्तिसँग सम्बन्धित विचाराधीन मुद्दाबीच यस्तो घटना हुनु अत्यन्त निन्दनीय रहेको उल्लेख गर्दै मिडिया सम्बोधनमा संघसंस्थाका प्रतिनिधिहरुले यसलाई सचेत नागरिकको आवाज दबाउने घृणित प्रयासको संज्ञा दिए। उनीहरुले यस्तो घटनाले दार्जीलिङको छवि पर्यटकबीच पनि नकारात्मक रूपमा प्रस्तुत हुने चेतावनी समेत दिएका छन्।

**अमित शाह-जिम्बा**

दार्जीलिङका विधायक तथा गोर्खा राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय महासचिव निरज जिम्बा तामाङले गत ७ अप्रेलमा भारतीय गोर्खा समुदायका दीर्घकालीन मुद्दाहरूलाई लिएर भारत सरकारका  केन्द्रीय गृह मन्त्री अमित शाहलाई औपचारिक रूपमा सुम्पिएको ज्ञापनपत्रको प्रत्युत्तर व्यक्तिगत रूपमा प्राप्त भएको जानकारी दिएका छन्। जिम्बाले यसप्रति गहिरो नम्रता प्रकट गर्दै, "गृह मन्त्रीले हिन्दी र अङ्ग्रेजी दुवै भाषामा व्यक्तिगत रूपमा जवाफ दिनुभएको बताएकाछन्। यो प्रत्युत्तर हालै सम्पन्न भएको ऐतिहासिक त्रिपक्षीय बैठक पछि प्राप्त हुन अझ अर्थपूर्ण रहेको बताउँदै बिधायक जिम्बाले यसद्वारा भारत सरकारले गोर्खा समुदायको मागलाई गम्भीरतापूर्वक लिइरहेको छ भन्ने स्पष्ट सन्देश दिएको उल्लेख गरेका छन्।

**बैंगडूबी-बांग्लादेशी**

भारत अनि पाकिस्तान बीच बढ़्दो तनाव को मध्येनजर बांग्लादेशको एक पूर्व खुफिया एजेंटलाई बागडोगरा स्थित बैंगडूबी आर्मी कैंप क्षेत्रबाट गिरफ्तार गरिएको छ। गिरफ्तार बांग्लादेशी नागरिक बांग्लादेश को रंगपुर जिल्लाको निवासी रहेको बताइएको छ। सूत्र अनुसार, हिज शुक्रवार गिरफ्तार व्यक्ति बैंगडूबी आर्मी कैंपमा संधिग्ध रुपमा घूमिरहेको पाइए पछि गिरफ्तार भएको हो। पछिबाट जवानहरुले यस व्यक्तिसित सोधपुछ गर्दा उसले आफु पूर्व बांग्लादेशी खुफिया एजेंट रहेको बताएको खबर प्राप्त भएको छ। यद्धपी

गिरफ्तार व्यक्तिबाट कुनै वैध पहिचान पत्र प्राप्त नभएको पनि बताइएको छ। सोधपुछ पछि जवानहरुले गिरफ्तार व्यक्तिलाई बागडोगरा पुलिस थाना कहाँ सुम्पिदिएको छ। बागडोगरा थाना पुलिस अघिको कार्रवाई मा लागि परेको छ।

**खरसाङ**

खरसाङ नगरपालिका अन्तर्गत वार्ड नम्बर दुईको टेकबीर बस्तीस्थित प्रगति संघको कार्यकारिणी सदस्यहरूद्वारा गाउँभित्रको प्रगति पथको पानी बग्ने नालाको सर सफाई गरिएको छ। यस सफाई अभियानमा विशेष गरी नालीमा फोहर मैला जमिएर बन्द भए सडकको तल्लो अनि माथिल्लो भाग पैह्रोको चपेटामा आउने प्रबल सम्भावना रहेको कारण यो सर सफाई कार्य सम्पन्न गरिएको हो। समाजको सदस्यहरू सहभागी रहेको यस सफाई कार्यमा गाउँवासीलाई आ आफ्नो घर अगाड़ीको नालीलाई सफा राखेर पानी जम्न नदिएर पैह्रोको रोकथाम गर्ने अपिल गरियो।

**समन पाठक**

भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का नेता तथा पूर्व राज्यसभा सांसद समन पाठक पार्टीको राष्ट्रिय समिति सदस्यमा निर्वाचित भएका छन्। यस अवसरलाई केन्द्रमा राख्दै आज दार्जीलिङ, बिजनवारी र खरसाङ क्षेत्रीय कमिटीको संयुक्त तत्वावधानमा श्री पाठकलाई एक विशेष कार्यक्रममा अभिनन्दन गरिएको जानकारी प्राप्त भएको छ। लामो समयपछि उत्तर बंगालबाट एक नेताले केन्द्रीय समितिमा स्थान पाएको बताइएको छ। कार्यक्रममा यस पदलाई ठूलो जिम्मेवारीको रुपमा लिँदै उत्तर बंगाल र पहाडी क्षेत्रका प्रश्नहरू केन्द्रीय समितिमा प्रभावकारी रूपमा उठाउने समन पाठकले प्रतिबद्धता व्यक्त गरेका छन्।

**मौसम**

पश्चिम बंगाल मा गत केही दिनदेखि वर्षा अनि आंधी पछि तापमानमा केही गिरावट देखिएको थियो, तर वर्तमानमा राज्यको अधिकांश भागहरुमा गर्मी धेरै बढ़ेको छ। अलीपुर मौसम कार्यालयले राज्यमा आगामी मंगलवारसम्म लू जस्तो स्थिति बनी रहनेछ। यस अवधि केही क्षेत्रमा हल्कादेखि मध्यम वर्षा हुने संभावना पनि छ। उत्तर बंगालका केही भागहरुमा पनि गर्मी बढ्ने संभावना रहेको बताइएको छ। मौसम विभाग अनुसार, दक्षिण बंगालको सबै जिल्लाहरुमा तापमान दुइदेखि तीन डिग्री सम्म बढ्न सक्नेछ। मंगलवार सम्म गर्मीको स्थिति बनी रहनेछ। विशेषगरी पुरुलिया, बांकुड़ा, पश्चिम मेदिनीपुर, झाड़ग्राम, पश्चिम बर्धमान अनि बीरभूम जिल्लाहरुमा लू को चेतावनी जारी गरिएको छ। यद्धपी भोलि आइतवार दक्षिण बंगालको आठ जिल्लाहरुमा गरजन साथ हल्कादेखि मध्यम वर्षा हुन सक्ने आशंका पनि व्यक्त गरिएको छ। आगामी बुधवार अनि बिहीवार कोलकाता समेत दक्षिण बंगालका सबै जिल्लाहरुमा गरजन साथ हल्कादेखि मध्यम वर्षा हुने संभावना मौसम विभागले व्यक्त गरेको छ। उत्तर बंगालको तल्लो भागहरुमा पनि भोलि आइतवार सम्म तापमान मा तीन डिग्री सम्मको वृद्धि हुन सक्नेछ। यसको साथै उत्तर बंगालको दार्जिलिंग पार्वतीय क्षेत्रमा गरजन साथ हल्का देखि मध्यम वर्षा हुन सक्नेछ।

**फैक्ट-चैक**

श्रोताहरूए पाकिस्तानले सोशल मीडियामा दुष्प्रचारको सहारा लिइरहेको छए त्यसैले यस्तो समयमा हरेक जानकारीलाई सावधानीपूर्वक जाँच गर्नु धेरै महत्त्वपूर्ण छ। यदि तपाईंहरुले कुनै पनि संदिग्ध सामग्री विशेष गरी भारतीय सशस्त्र बल वा वर्तमान परिस्थितिसित सम्बन्धित कुनै जानकारी पार्प्त गर्नुभयो भने यसको सूचना **पीआईबी फैक्ट चैक**लाई रिपोर्ट गर्नुपर्छ। तपाईंले त्यस्तो सामग्री वा **जानकारी WhatsApp नंबर 8799 711259** र इमेल आईडी - **बिजबीमबा/**[pib.gov.in](pib.gov.in) मा पनि पठाउन सक्नुहुनेछ।

****** o ******